मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२५ Purwanchal National Daily

स्व. वीरमानको इच्छा पूरा, पीसीआर ल्यावलाई ४१,०००: पृष्ठ ३

◆ वर्ष : २५ ◆ अङ्क : २६३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ ४ गते विहीवार (Thursday, Aug 20. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

तस्वीर : अमित खम्बू/पूर्वाञ्चल

माछा पक्रन जाल हान्दै स्थानीय: झापाको अर्जुनधारा–२ र ४ भई बग्ने टाङटिङ नदीमा माछा पक्रन जाल हान्दै स्थानीय । माछा मार्न विभिन्न किसिमका विषादिसँगै विद्युत्को प्रयोग गरेका कारण माछाको उत्पादनमा भने कमी भएको छ ।

कनकाईको पीसीआर ल्याबलाई स्वीकृति

बिर्तामोड, भदौ ३। एकका लागि एक अभियानले झापा कनकाईको समर्पण भवनमा स्थापना गरेको कोरोना भाइरस परीक्षण गर्ने पीसीआर ल्याबले स्वीकृति पाएको छ । कनकाईका नगरप्रमुख राजेन्द्र पोखरेलका अनुसार मेची अञ्चल अस्पतालको मातहतमा रहने गरी ल्याब सञ्चालनमा आउने भएको छ । अभियानले ल्याब स्थापना गर्नुअघि नै अस्पताललाई हस्तान्तरण गर्ने निर्णय गरेको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मेची अस्पतालकै मातहतमा ल्याब सञ्चालन गर्ने स्वीकृति दिएको हो । अभियानले जनस्तरबाट एक करोडभन्दा बढी रुपैयाँ संकलन गरेर ल्याब स्थापना गरेको हो । सो ल्याबको २४ घण्टामा ४५० परीक्षण गर्ने क्षमता रहेको बताइएको छ ।

मेची नदीमा अवैध उत्खनन्

झापा भदौ ३। पाँच वर्ष अघि झापाको मेचीनगर-१ पाटापुरका बलराम पुरीले मेची नदीले बगाएको धानखेती हुने आफ्नो जमिन देखाउदैँ भनेका थिए- 'वर्षेनि अलि अलि कटान हुन्थ्यो तर यो साल मेची उर्लिएर आएको छ, त्यहाँ मेरो धानखेत हुने ६ विगाह जमिन थियो, अब कतिखेर गाउँ बगाउने हो थाह छैन ।' पुरीले स्थानीय प्रशासनसँग गुहार पनि मागे । तत्कालीन प्रमुख जिल्ला अधिकारी तेजप्रसाद पौडेलले उनको समस्यामा समाधान चाँडै हुने आश्वासन पनि दिए । तर, पाँच वर्ष बितिसक्दा पनि उनको समस्या घट्नुको सट्टा अझ बढेको छ ।

मेची नदीले तीन सय मिटरभन्दा बढी नेपालपट्टिको जमिन कटान गरेको छ । पाटापुर र तिरिङ कटान हुनुको प्रमुख कारण नै चुरे क्षेत्रको अप्राकृतिक र अवैध उत्खनन् भएको स्थानीय ओम पुरीको भनाइ रहेको छ । पुरीका अनुसार चुरे दोहनको कारण नै यो क्षेत्रमा सयौं विगाह जमिन कटान भइसकेको छ ।

मेची नगरपालिका मौन बस्नु र स्थानीय माफियाहरुको दादागिरी नै विनाशको प्रमुख कारण हो, चुरे दोहन नगरौं भनी आवाज उठाएको वर्षौं भयो, कसैले सुनेनन्- पुरी भन्छन्- भारततर्फ जंगल झाँगिदै आउँदैछ, नेपालपट्टि खोला सर्दैछ, पैसाको अगाडि आफ्नो गाउँको माया केही होइन रहेछ । माफियाहरुले नेपालपट्टिको भागमा नदीजन्य सामग्रीको उत्खनन् गरेका कारण खोला नेपालतर्फ आएको छ । १० नम्बरदेखि १७ नम्बरसम्म सीमा पिलर हराएको छ । खोला सरेपछि नेपालतर्फको भू-भाग पनि भारतको रहेको दावी गर्दै दुङ्गा निकाल्ने गरेको पाइएको छ ।

पाटापुरको उत्तरी सीमानामा रहेको रोड गाँउपालिका-६ सलकपुरवासी सोही अवैध उत्खनन्को चपेटामा परेका छन् । चुरेको नदी उत्खनन्ले सलकपुरमा जमिनहरु भासिने, पानीको मुहानहरु सुक्ने साथै प्राकृतिक समस्याहरु देखा परेको रोड्-६का वडाध्यक्ष सुवास तामाङले बताए । अवैध उत्खनन्मा संलग्न मानिसहरु र उत्खनन्मा

प्रयोग भएका ट्याक्टरलाई पटक-पटक नियन्त्रणमा लिएको र आइन्दा अवैध गतिविधि नगर्ने शर्तमा जरिवाना गराएको सलकपुर प्रहरीले बताएको छ ।

यसैबीच प्राकृतिक स्रोतको विवादमा झापा र इलामका स्थानीय तहबीच पटकपटक विवाद समेत हुने गरेको छ । गत फागुनमा सलकपुरतर्फको दुङ्गा चोरी भएको भन्दै झापाको बाहुनडागीतर्फ सिञ्चाई हुने सिद्धिखोला नहर नै सलकपुरवासीले बन्द गरेका थिए । सोही विवादको कारण इलामको रोड गाउँपालिकास्थित मेची नदी किनाराको चुरे क्षेत्रबाट स्थानीय तस्करहरुले चोरी गरी ल्याएको ७ हजार ५ सय घनमिटर ढुङ्गा तिरिङ खोला बगरमा भण्डारण गरेर बिक्री गर्न लागेको अवस्थामा मेचीनगर नगरपालिकाले फेला पारी जफत गरेको थियो । जफतपश्चात नगरपालिकाले गएको साउन ५ गते ढुङ्गा लिलाम बिक्रीका लागि ठेक्का आव्हान गरेको थियो । नगरपालिकाले निकालेको सूचनाका आधारमा १६ लाख रुपैयाँ कबोल गरी स्थानीय नेत्र सुब्बाले ठेक्का हात पारेका थिए । तर, सुब्बाले नगरपालिकासँग कबोल गरेको रकम बराबरको सम्झौता हुनु अगावै भण्डारण गरिएको क्षेत्रबाट ढुङ्गा गायब भएको छ ।

सम्झौता अघि नै ढुङ्गा गायब भएको विषयमा मेचीनगर नगरपालिकाले अनभिज्ञता प्रकट गरेको छ । प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार खाम्याहाडले बाढीले बगाउने भएकाले तिरिङखोला बगरबाट सुरक्षित स्थानमा सारिएको कुरा आफूलाई मेयर बिमल आचार्यले मौखिक जानकारी गराएको बताए । तर, खाम्याहाडले भनेको कुनै पनि स्थानमा उक्त ढुङ्गा भण्डारण गरिएको छैन । उनले ठेक्का लिएका सुब्बासँग सम्झौता भइ नसकेको स्वीकार गरे ।

प्रेमजालमा फसाएर बलात्कार गरी बेचबिखन

झापा, भदौ ३। एक किशोरीलाई दलालले प्रेम जालमा फसाएर बलात्कार गरी बेचबिखन गरेको खुल्न आएको छ । १७ वर्षीया किशोरीलाई विवाह गर्ने भनी प्रलोभन देखाइ प्रेम जालमा फसाइ बलात्कार गरेर बेचबिखन गरेको प्रहरीको मानव बेचबिखन अनुसन्धान व्युरोले जनाएको छ ।

उक्त मुद्दामा प्रहरीले नुवाकोट जिल्ला तादी गाउँपालिका-३ खरानीटार स्थायी घर भई हाल काठमाडौँको तारकेश्वर नगरपालिका-२ बस्ने अर्पण भनिने राजु तामाङलाई पक्राउ गरेको छ । शुरुमा प्रलोभनमा पारेर बालिकालाई काठमाडौँको गोङ्गबुस्थित फेसबुक गेष्ट हाउसमा लगी पटक-पटक जवर्जस्ती करणी गरेको खुल्न आएको व्युरोका प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिए । त्यति गरेर मात्रै उसले चित्त बुझाएन, ती किशोरीलाई आफ्नो साथीमार्फत ट्याक्सी चढाएर चितवन हुँदै काँकरभिट्टाबाट सीमा कटायो । उसका सहयोगीले भारतको एक नचिनेको पुरुषलाई किशोरी जिम्मा लगाएर फर्किएको प्रहरी अनुसन्धानमा खुलेको बताइएको छ ।

भारतीय व्यक्तिले निज किशोरीलाई अश्लील भिडियो देखाइ मानसिक यातना दिने गरेको र किनेको भन्दै डर त्रासमा राखेर चरम यातना दिएको खुलेको छ । उनले बेलाबेलामा शारीरिक र मानसिक यातना दिँदै रोजगारमा लगाइदिने बहानामा भारतका विभिन्न ठाउँमा लग्ने गरेको पीडित किशोरीलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ ।

त्यही सिलसिलामा किशोरी पीडकको आँखा छलेर भाग्न सफल भई अपरिचित नेपालीको सम्पर्कमा पुगेको र ती नेपालीमार्फत कैलालीस्थित प्रहरीको सम्पर्कमा पुगेकी थिइन् । एक संस्थाको संरक्षण केन्द्रमा राखी मनोपरामर्श सेवा प्रदान गरेपश्चात् किशोरीलाई आफन्तको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

उक्त घटना एक वर्षअघि भएको थियो । त्यसपछि फरार हुँदै आएका अभियुक्त तामाङविरुद्ध साउन २९मा नै व्युरोमा कारवाही गरी पाउँ भनी जाहेरी परेको थियो । अर्पण भनिने राजु तामाङलाई व्युरोको टोलीले यही भदौ १ गते पक्राउ गरी काठमाडौँ जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको व्युरोले बुधवार एक विज्ञप्तिमार्फत जनाएको छ । अभियुक्तका सहयोगी भने फरार छन् । उनको खोजी जारी रहेको जनाइएको छ ।

दुई युवतीलाई जवरजस्ती गर्दा...

झापा, भदौ ३। दुई युवतीलाई जर्बजस्ती करणी गरेको अभियोगमा चितवनमा पक्राउ परेका दुई जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ ।

जिल्ला अदालत चितवनले अर्घाखाँचीका २६ वर्षीय मनोज केसी र भरतपुर-४का विजय श्रेष्ठ भनिने विजय मानन्धरलाई पुर्पक्षका लागि कारागार चलान गरेको हो । गत साउन ४ गते माडी नगरपालिका-९ बगइस्थित जङ्गलमा १७ वर्षीया किशोरीलाई २६ वर्षीया केसीले

(बाँकी अन्तिम पृष्ठमा)

भारतीय सवारीले बढायो कोरोनाको जोखिम

सचेत नागरिकको खबरदारी: भारतीय सवारी भन्सारमै रोक

बिर्तामोड, भदौ ३। विश्वव्यापी रुपमा फैलिएको नोवल कोरोना भाइरसका कारण नेपाल-भारत सीमा नाका बन्द छ । गत वर्षको चैत महिनादेखि नै सीमा नाका बन्द हुँदा आवतजावत ठप्प छ ।

तर, मालवाहक सवारी साधनलाई भने निश्चित मापदण्ड अपनाएर नेपाल प्रवेश गर्न दिइएको छ । सीमा क्षेत्रमा आवश्यक स्वास्थ्य सुरक्षा अपनाएर मात्र नेपाल प्रवेश गर्न दिएको बताइए पनि सामान्य मापदण्ड समेत पालना नगर्दा कोरोना भाइरस संक्रमणको जोखिम बढ्दै गएको छ । झापाका सीमावर्ती नाकाबाट खुलेआम रुपमा भारतीय सवारी साधन नेपाल प्रवेश गरिरहेको भन्दै सचेत युवा नागरिक समाज झापाले तत्काल सवारी साधन आवत जावत बन्द गर्न माग गरेको छ ।

भारतमा कोरोना संक्रमणको दर उच्च रुपमा बढ्दै गएको र नेपालमा सामान्य मापदण्ड समेत नअपनाई भारतीय गाडीलाई प्रवेश दिइरहेको भन्दै समूहका अध्यक्ष लक्ष्मण बस्नेतले बोर्डर सिल कडाइका साथ लागू गर्न माग गरेका छन् । उनले मेची भन्सार कार्यालय काँकरभिट्टा र जिल्ला प्रशासन कार्यालय झापालाई यस विषयमा जानकारी गराइसकेको भन्दै सरकारी निकायले यस विषयमा चासो नदिएको बताए ।

सरकारी निकायबाटै नियम कडाइका साथ पालना नगराउँदा झापामा कोरोना भाइरसको संक्रमण तीव्र रुपमा फैलिने जोखिम बढेको उनको भनाइ छ । भारतीय मालवाहक सवारीका चालक र सहचालकले पीसीआर परीक्षणको रिपोर्ट नै नदेखाई खुलेआम रुपमा सवारी सञ्चालन गर्दा समुदायमा कोरोना भाइरस संक्रमण फैलने जोखिम बढेको अध्यक्ष बस्नेतको भनाइ छ ।

पूर्वी नाकाबाट प्रवेश गरेका सवारी साधन निश्चित गन्तव्यमा मात्रै रोक्नु पर्ने भए पनि सवारी चालकले विभिन्न स्थानमा पार्किङ गर्दै लैजाने गरेकाले झापामा कोरोना भाइरस समुदायमा फैलिएको अध्यक्ष बस्नेतको आरोप छ । प्रहरीले स्वास्थ्य सुरक्षा नअपनाई सवारी चेकजाँच गर्ने गरेको र त्यसको परिणाम स्वरुप सशस्त्र प्रहरी र नेपाल प्रहरीमा समेत संक्रमण देखिएको उनको भनाइ छ ।

झापाको भद्रपुर नाका हुँदै रातको समयमा भारतबाट माछा भित्रिने गरेको छ । भारतबाट आएको माछाको कुनै परीक्षण नै नहुने भन्दै अध्यक्ष बस्नेतले प्रहरीको मिलेमतोमा भारतबाट महामारीको यस्तो समयमा खुलेआम माछा भित्र्याएको आरोप लगाए । उनले भने- भारतीय सवारी साधन लिएर आएका

(बाँकी अन्तिम पृष्ठमा)

आकर्षक घडेरी बिक्रीमा



बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी बिक्रीमा छन् । कृपया प्रत्यक्ष उपभोक्ताहरुले मात्र सम्पर्क गर्नुहोला ।

मो. ९८५११४४९४९

नोट: (✓) यी चिन्ह भएका जगगाहरु बिक्रीमा छन् ।

हार्दिक बधाई

राजेन्द्र घिमिरे

नेपाल अलैंची व्यवसायी महासंघका संस्थापक अध्यक्ष तथा संरक्षक, कुशल संगठक, कृषि क्षेत्रलाई अत्यन्त माया गर्ने, झापा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष, नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य तथा प्रदेश नं. १का अध्यक्ष, २०६३ सालदेखि नै राजनीतिमा प्रवेश गरी विभिन्न संघ-संस्थाहरुमा सक्रिय रुपमा काम गर्दै आउनुभएका व्यक्तित्व **श्री राजेन्द्र घिमिरे** नेपाली कांग्रेसका सभापति श्री शेरबहादुर देउवाद्वारा नेपाली कांग्रेस स्थानीय तह समन्वय विभागको केन्द्रीय सदस्यमा मनोनित हुनुभएकोमा उहाँको कार्यकाल सफलताको हार्दिक शुभकामनासहित बधाई ज्ञापन गर्दछौं ।

सुवास भट्टराई
महासचिव

राजकुमार कार्की
अध्यक्ष

एवम् नेपाल अलैंची व्यवसायी महासंघ केन्द्रीय कार्यालय
बिर्तामोड, झापा

मार्ग नामकरण तथा प्रतिमा स्थापना गर्ने प्रचलन बढ्दो: इटहरी–२को तामाङ टोलमा स्थानीयको सक्रियतालेे निर्माण भएको डम्फू चोक । पछिल्लो समयमा जनजाति आवादी भएको क्षेत्रमा सम्बन्धित जनजातिका बिम्बहरु झल्काउने चोक, टोल, मार्ग नामकरण तथा प्रतिमा स्थापना गर्ने प्रचलन प्रदेश १मा लोकप्रिय भएको छ । **तस्वीर: विराट अनुपम/रासस**

पत्रकार महासंघको निर्वाचन फागुन ३ गते

झापा, भदौ ३। आगामी फागुन ३ गते केन्द्र, प्रदेश र शाखाको निर्वाचन सम्पन्न गर्न नेपाल पत्रकार महासंघले निर्णय गरेको छ ।

त्यस्तै अहिलेको संकटलाई मध्यनजर गरी ०७७ सालको सदस्यता नवीकरण शुल्क छुट दिने पनि निर्णय भएको छ । बागमती प्रदेशको राजधानी हेटौडामा तय भएको नेपाल पत्रकार महासंघको राष्ट्रिय भेला कोरोना महामारीका कारण भौतिक रुपमा सम्भव नभएको सन्दर्भमा बुधवार प्रविधि (जुम वेविनार) को माध्यमबाट आयोजना भई उक्त निर्णय गर्दै सम्पन्न भएको हो ।

भेलाले केन्द्रीय समितिको तर्फबाट अध्यक्ष गोविन्द आचार्यबाट प्रस्तावित प्रस्तावहरु छलफलपछि परिमार्जनसहित सर्वसम्मत रुपमा पारित गरेको थियो । महासचिव रमेश विष्टका अनुसार राष्ट्रिय भेलाका निर्णयहरु निम्न छन् ।

१. महाधिवेशन तथा निर्वाचन :

क) नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको ३ वर्षे कार्यकाल भदौ ५ गते समाप्त हुन लागेको सन्दर्भमा कोरोना महाव्याधीको जोखिममा तत्काल महाधिवेशन सम्पन्न गर्न असम्भव देखिएकाले महासंघको विधान बमोजिम केन्द्र, प्रदेश र जिल्ला शाखाहरुको कार्यकाल ६ महिना थप गर्ने ।

ख) कोरोना संक्रमणको त्रास र श्रमजीवी पत्रकारहरुको आर्थिक अवस्थाबारे भेलामा प्राप्त रायका आधारमा महासंघको सदस्यता नवीकरण र नयाँ सदस्यता प्राप्तिको म्याद २०७७ भाद्र मसान्तसम्म थप गरी शाखाहरुले सो अवधिभित्रै सदस्यताको सिफारिस प्रदेश समिति समक्ष पेश गरिसक्ने र प्रदेश समितिले असोज मसान्तसम्म केन्द्रीय समितिसमक्ष पेश गरी केन्द्रमा अभिलेख राख्ने ।

ग) मंसीर महिनाभित्र जिल्ला, प्रतिष्ठान र एशोसिएट शाखाको, पुस महिनाभित्रमा प्रदेश समितिहरुको र माघ ४ र ५ गते केन्द्रीय साधारणसभा सम्पन्न गर्ने ।

घ) २०७७ फागुन ३ गते केन्द्र, प्रदेश र शाखाको निर्वाचन सम्पन्न गर्ने ।

ङ) कदंकदाचित कोरोना महाव्याधीका कारण उल्लेखित कार्यतालिका कार्यान्वयनमा जटिलता उत्पन्न भएको खण्डमा सम्पूर्ण कार्यतालिका पुनरावलोकन गर्ने अख्तियार केन्द्रीय समितिलाई प्रदान गर्ने निर्णय भयो ।

च) कोरोना महाव्याधीका कारण सञ्चार क्षेत्र र महासंघका सदस्यहरुले भेल्नु परको आर्थिक अभावलाई दृष्टिगत गरी २०७७ सालको सदस्यता शुल्क छुट दिई यसलाई केन्द्रीय साधारणसभाबाट अनुमोदन गरी छुटका हकमा विधानको व्यवस्था हेरफेर गर्न केन्द्रीय साधारणसभामा प्रस्ताव लान भेलाले सहमति प्रदान गऱ्यो ।

२. कोरोना महाव्याधीका कारण आर्थिक अभाव झेलिरहेका सञ्चारमाध्यम र श्रमजीवी पत्रकारलाई उचित राहतका लागि संघीय, प्रदेश र स्थानीय सरकारहरुसँग भेलाले जोडदार माग गरेको छ । विज्ञापन सम्बन्धी ऐन तथा श्रमजीवी पत्रकार ऐनको कडाइपूर्वक कार्यान्वयनको माग गरिएको छ ।

३. कोरोना महामारीको लाभ लिँदै सञ्चारमाध्यमहरुले श्रमजीवी पत्रकारलाई निष्कासन गर्ने, दबाबपूर्ण विदामा राख्ने, तलव-भत्ता कटौती गर्ने, अनुचित सरुवा गर्ने र नियमित पारिश्रमिक नदिने सिलसिला कायम रहेकोप्रति खेद व्यक्त गर्दै भेलाले श्रमजीवी पत्रकारको पुसमा केन्द्र, प्रदेश र शाखाहरुमार्फत सशक्त दबाबमूलक अभियान सञ्चालन गर्ने र कानूनी संघर्षलाई निरन्तरता दिने प्रतिवद्धता भेलाले जनाएको छ ।

४. केन्द्र, प्रदेश र स्थानीय तहबाट सञ्चारसम्बन्धी नीति र कानून तय गर्दा प्रेस स्वतन्त्रतामा अंकुश नलगाउन तथा पत्रकार महासंघसहित सरोकार पक्षसँग छलफल गरी सहमति कायम गर्न आग्रह गर्दछ ।

५. अग्रभागमा रहेर सञ्चारकर्ममा रहेकै कारण सञ्चारकर्मीहरु कोरोना संक्रमणबाट पीडित भएकोप्रति चिन्ता व्यक्त गर्दै उहाँहरुको उचित उपचारको प्रवन्ध मिलाउन सरकारसँग जोडदार माग गर्दै यो भेला कर्म क्षेत्रमा खटिने श्रमजीवी पत्रकारहरुलाई सम्भव भएसम्म घरबाटै काम गर्न वा कार्यालय वा फिल्डमा खटिँदा पर्याप्त स्वास्थ्य सावधानी अपनाउन आव्हान गर्दछ ।

राष्ट्रिय भेलाद्वारा पारित समसामयिक प्रस्तावहरु यस्ता छन् :

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ नेपालमा पनि तीव्ररुपले बढिरहेको छ । यो संकटपूर्ण अवस्थामा आमनागरिको स्वास्थ्य सुरक्षा चुनौतिपूर्ण बन्दै गएकोले आमनागरिकलाई यो महामारीबाट सुरक्षित राख्न प्रभावकारी र उचित कदम चाल्न यो भेला सरकारसँग माग गर्दछ । साथै, संक्रमित पत्रकारहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।
- कोभिड १९को संक्रमण तीव्र रुपले बढिरहेको यो अवस्थामा अग्रभागमा रहेर पेशागत कर्म निर्वाह गरिरहेका पत्रकारहरुको पनि संक्रमित हुने क्रम पनि बढिरहेको छ । यो अवस्थामा बढ्दो स्वास्थ्य सुरक्षाको जोखिमलाई मोलेर अग्रभागमा काम गर्ने सबै पत्रकारहरुको पीसीआर परीक्षण र संक्रमितहरुको उचित उपचारको व्यवस्था मिलाउन यो भेला माग गर्दछ ।
- यो भेलाले कानूनको मस्यौदा तयार गर्दा संघ, प्रदेश र स्थानीय तहसहित तीनवटै सरकारलाई लोकतन्त्र, नागरिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता तथा पूर्ण प्रेस स्वतन्त्रताको संवैधानिक सुनिश्चिततालाई ध्यानमा राख्न माग गर्दछ ।
- संघीय संसदमा विचाराधीन मिडिया काउन्सिल, सूचना प्रविधि तथा सार्वजनिक प्रशारण सम्बन्धी विधेयकहरुमा संसदमार्फत सुधारको माग गर्दछ । त्यस्तै, विभिन्न प्रदेशमा बनाइएका मिडिया सम्बन्धी विधेयकहरुमा सम्बन्धित प्रदेशसभाबाट प्रेस स्वतन्त्रताको सम्मान हुने गरी सुधारको अपेक्षा गर्दछ ।
- पारिश्रमिकलगायत सुविधा कटौती गरी काम गर्न नसक्ने वातावरण बनाउने क्रम बढिरहेकाले यो भेला यस्तो कार्य बन्द गरी तत्काल पारिश्रमिक लगायतका सबै सुविधा उपलब्ध गराई पत्रकारको पेशागत अधिकार सम्मान गर्न माग गर्दछ ।
- कोरोना महामारीबीच अग्रभागमा रहेर पेशागत कर्म निर्वाह गरिरहेका पत्रकारलाई कानूनबमोजिम तलव, भत्ता र अन्य सुविधा दिलाउने बाध्यकारी व्यवस्था मिलाउन साथै
- कोभिड १९ का कारण उत्पन्न परिस्थितिबाट आर्थिक रुपमा संकटमा परेका सञ्चारमाध्यमलाई उचित राहत प्रदान गर्न नेपाल सरकारसँग माग गर्दछ । कोभिडको नाममा जागिर गुमाउन बाध्य बनाइएका पत्रकारलाई समेत लेखनवृत्तिलगायत वैकल्पिक कार्यक्रममार्फत राहत दिन पनि माग गर्दछ ।
- कोभिड १९को संक्रमणबाट उत्पन्न परिस्थितिका कारण कतिपय पत्रकारहका सूचना तथा प्रशारण विभागबाट जारी प्रेस पास नवीकरण गर्न समस्या परेको, विभागले समेत नवीकरण बन्द गरेको कारण यो अवस्था पत्रकार पेशागत कर्म निर्वाह सहजताका लागि विभागको पुरानो कार्ड, आवद्ध सञ्चारमाध्यमको कार्ड वा महासंघबाट जारी प्रेस कार्डलाई मान्यता दिन आग्रह गर्दछ । साथै, कोभिड-१९कै कारण विभिन्न जिल्लाबाट आवतजावतमा समस्या परेकोले मिडिया हाउसको नवीकरणको काममा समस्या परेकोले नवीकरणको अवधि कम्तिमा भदौ महिनाभर थप गर्न माग गर्दछ ।
- कोरोना संक्रमणको प्रभावले कम लगानीका साना मिडियाहरु घरासायी हुँदै गएकाले त्यसलाई जोगाउन मिडियाको वर्गीकरण तथा प्रदान गरिने सुविधामा थप सहुलियत दिन र समानुपातिक विज्ञापनको नीति कार्यान्वयनमा ल्याउन माग गर्दछ ।

मन्दिरमा आगजनी गर्नेलाई कारबाहीको माग

ताप्लेजुङ, भदौ ३। राष्ट्रिय विभूति महागुरू फाल्गुनन्दको निर्माणाधीन मन्दिर तोडफोडसहित आगजनी गर्ने प्रयास गर्नेप्रति किरात धर्म तथा साहित्य उत्थान संघले विहीवार ताप्लेजुङमा पत्रकार सम्मेलन गर्दै कानूनी कारबाहीको माग गरेको छ ।

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-२, खेजेनिमस्थित निर्माणाधीन हाङ्साम खाम्बुलिङ नाहाङमायक माङ्हिममा गत सोमवार राति तोडफोड भएको थियो ।

आपराधिक समूहले रातिको समयमा ग्यास सिलिण्डर ल्याएर करिब ३० लिटर मट्टीतेल छर्किएर आगजनी गरेको स्थानीयले भीम लिम्बूले जानकारी दिए । घटनाप्रति किरात धर्म तथा साहित्य उत्थान संघले आपत्ति जनाउँदै पत्रकार सम्मेलनमा गम्भीर ध्यानाकर्षण गराएको छ । यसअघि पनि ताप्लेजुङका बिभिन्न स्थानमा निर्माणाधीन महागुरू फाल्गुनन्द लिङ्देनको शालिकमा तोडफोड भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

किरात धर्म तथा साहित्य उत्थान संघले यसअघि ताप्लेजुङ, तेह्रथुम र संखुवासभा तीन जिल्लाको संगमस्थलमा पर्ने मेन्छुयायेम कोक्मामा पर्ने निर्माणाधीन मेन्छुयायेम युमा माङ्हिम, त्यस्तै फक्ताङलुङ गाउँपालिका ताप्लेजुङ सार्विक लेलेप गाविसमा पर्ने तागेर निवाभू फुकु कोपियकमा राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देनको शालिक निर्माणको अन्तिम चरणमा पुगेको अवस्थामा रातको समयमा तोडफोड भएको उल्लेख गर्दै यस कार्यमा संलग्नको पहिचान गरी कडा कानूनी कारबाही गर्न स्थानीय सरकार तथा नेपाल सरकार समक्ष माग गरिएको छ ।

यस्तो घटना गराउने कामलाई विध्वंशकारी, असामाजिक एवम् अपराधिक गतिविधि भएको किरात धर्म तथा साहित्य उत्थान संघका अध्यक्ष ज्ञानु फुरुबोद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

पीसीआर ल्याबलाई मगमग चाउचाउको १०१०००

बिर्तामोड, भदौ ३। जनस्तरबाट झापाको कनकाई-४ कोटीहोममा स्थापित पीसीआर ल्यावका लागि मनषा थाई फुड्स प्रालि (मगमग चाउचाउ) ले एक लाख एक हजार रुपैयाँ प्रदान गरेको छ ।

'एकका लागि एक' अभियानको अगुवाईमा स्थापित पीसीआर ल्यावका लागि मेचीनगर-१४मा रहेको मनषा थाई फुड्स प्रालि (मगमग चाउचाउ) ले एक लाख एक हजार रुपैयाँ प्रदान गरेको हो । मनषा थाई फुड्सका सञ्चालक वुद्धि घिमिरे र ओमप्रकाश अग्रवालले उक्त रकमको चेक एकका

लागि एक अभियानका सहसंयोजक विनोद बस्नेतलाई हस्तान्तरण गरेका थिए । अभियानका सहसंयोजक बस्नेतले मनषा थाई फुड्स प्रालि (मगमग चाउचाउ) लाई धन्यवाद दिएका थिए ।

बीएण्डसीमा उपचाररत् ८३ वर्षीय वृद्धलाई कोरोना संक्रमण

झापा, भदौ ३। बीएण्डसी अस्पतालमा उपचाररत् ८३ वर्षीय वृद्धलाई कोरोना संक्रमण पुष्टि भएको छ । कमल गाउँपालिका-३ निवासी ८३ वर्षीय वृद्ध ज्वरो आएपछि एक साताअघि बीएण्डसी हस्पिटल भर्ना भएका थिए ।

उनको आइसोलेसनमा राखेर उपचार भइरहेको बताइएको छ । उनलाई हेर्ने चिकित्सक र नर्स समेत छुट्टै रहेको र आइसोलेसनमा राखेर उपचार भइरहेको कमल गाउँपालिका स्वास्थ्य शाखा प्रमुख बाबुराम राईले जानकारी दिए । कोरोना संक्रमण पुष्टि भएसँगै उनलाई थप उपचारका लागि धरानस्थित कोभिड अस्पताल लगिएको राईले बताए । बीएण्डसी हस्पिटलले कोरोना आशंका गरिएका बिरामीको उपचारका लागि बेग्लै आइसोलेसन कक्ष र स्वास्थ्यकर्मीको व्यवस्था गरेको जनाएको छ ।

बुधबार झापामा १८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कोरोना संक्रमण पुष्टि हुनेमा दमकका १३ जना रहेका छन् । केही दिनअघि स्वाब संकलन गरी परीक्षणका लागि पठाइएकामध्ये १३ जना पुरुषको रिपोर्ट पोजेटिभ आएको हो ।

जसमा तीन जना सशस्त्र प्रहरी रहेका छन् । दुईजना नेपाल टेलिकम दमकका कर्मचारी भएको जनाइएको छ । त्यसैगरी दमक-५को होम क्वारेन्टाइनमा बसेका ३१ वर्षका एक पुरुषमा पनि संक्रमण देखिएको छ । अन्य ७ जना बिभिन्न देशबाट आएर दाहाल प्रतिष्ठानको क्वारेन्टाइनमा बसेकाहरु हुन् ।

बिर्तामोड-६का २३ वर्षीय पुरुषमा पनि बुधबार कोरोना संक्रमण पुष्टि भएको छ । भारतबाट आएका उनी मेची आँखा अस्पतालको क्वारेन्टाइनमा रहेका थिए । बाह्रदशी गाउँपालिकामा २ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । बाह्रदशी-१का पुरुष र बाह्रदशी-५की एक महिलामा कोरोना पुष्टि भएको हो । पुरुष दुबईबाट आएर पशुपति मावि क्वारेन्टाइनमा बसेका थिए भने महिला भारतको सीमा कदुभिट्टाबाट फर्केकी हुन् ।

गत साउन २७ गते ६७ जनाको स्वाव संकलन गरी परीक्षणका लागि पठाइएको थियो । त्यसमध्ये ३७ जनाको रिपोर्ट आउँदा २ जनामा संक्रमण पुष्टि भएको गाउँपालिकाका स्वास्थ्य शाखाका कर्मचारी खेमराज साहले बताए । त्यस्तै बुधबार नै कचनकवल गाउँपालिकामा एक जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

कोरोना पुष्टि हुनेमा कचनकवल-४का १८ वर्षीय युवक रहेका छन् । भारतको हैदरावादबाट फर्केर उनी कचनकवल-३ स्थित पथरिया मावि क्वारेन्टाइनमा बसेका थिए । केही दिन यता झापामा कोरोना संक्रमितको संख्या ह्वात्तै बढेको छ ।

मेचीनगरका तीन वडामा लकडाउन निरन्तर

काँकरभिट्टा, भदौ ३। मेचीनगर नगरकार्यपालिकाको कार्यालयले नगरका तीनवटा वडामा अर्को व्यवस्था नभइञ्जेलसम्म साउन २८ गतेदेखिको लकडाउनलाई निरन्तरता दिने भएको छ ।

साउन २८ गते राति १२ बजेदेखि भदौ ३ गते राति १२ बजेसम्म नगरका १६ वटै वडामा लकडाउनको घोषणा गरे पनि बुधबार बसेको बैठकले वडा नम्बर ६, ७ र ८मा लकडाउनलाई निरन्तरता दिने निर्णय गरेको नगरपालिकाले जनाएको छ ।

संक्रामक ऐन २०२०को दफा २ अनुसार तीनवटा वडामा अत्यावश्यक र मालवाहक बाहेकका सबै सवारी साधन सञ्चालन नगर्ने, अत्यावश्यक कामदेखि बाहेक घरमै बस्न, सामाजिक दूरी कायम गरी कृषि कार्य गर्न, विशेष कार्यका लागि प्रयोग गरिने साधन पालिकाले उपलब्ध गराएको पास लिएर चलाउन, वित्तीय संस्थाहरूको हकमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सञ्चालन गर्न, डेरी, खाद्यान्न तथा सागसब्जी पसल पूर्ण स्वास्थ्य सुरक्षण विधि अवलम्वन गरी विहान ८देखि १० बजेसम्ममात्र सञ्चालन गर्न अनुरोध गरिएको छ ।

त्यस्तै अस्पताल र अन्य स्वास्थ्य सेवासँग सम्बन्धित क्षेत्र नियमित सञ्चालन हुने, नगर क्षेत्रभित्रका शैक्षिक संस्था, होटल, सपिङ मल, सैलुन, ब्युटीपार्लर बन्द गर्ने निर्णय गरेको नगरप्रमुख बिमल आचार्यद्वारा हस्ताक्षरित सार्वजनिक सूचनामा उल्लेख छ ।

नगरप्रमुख आचार्यको कार्यकक्षमा भएको छलफलमा उपप्रमुख मीना पोखरेल उप्रेती, कार्यपालिकाका सदस्यहरू, वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्ग लगायतको सहभागिता थियो ।

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।

सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवरे बजार लक्ष्मीपुर

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै राबैमन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

दुई ...

जबर्जस्ती करणी गरेको अभियोगमा चितवन प्रहरीले जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । साउन २८ गते जिल्ला अदालत चितवनको आदेशले पुर्पक्षका लागि केसीलाई कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले जानकारी दिए । पीडित ठूलीआमाको घरमा बस्दै आइरहेकी थिइन् । बेलुका एक्लै बजारतर्फ तरकारी किन्न गइरहेको बेलामा केसीले जबर्जस्ती जंगलमा लगेर बलात्कार गरेको पीडितले बयान दिएकी थिइन् ।

यस्तै जबर्जस्ती करणीको अभियोगमा भरतपुर-४का विजय श्रेष्ठ भनिने विजय मानन्धरलाई पनि कारागार चलान गरिएको छ । जिल्ला अदालत चितवनले साउन ३२ गते श्रेष्ठलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएपछि उनलाई कारागार पठाइएको प्रवक्ता थापाले जानकारी दिए ।

अभियुक्त श्रेष्ठले १६ वर्षीया किशोरीलाई प्रेम गर्छु, विवाह गर्छु भनेर ललाइफकाई गत असार ७ गते राति सविन भन्ने चन्द्रलाल मानन्धरको सहयोगमा उनकै कारमा लगेर भरतपुर-१७स्थित सविन ग्रील उद्योगमा असार ८ गते रातिसम्म पटक-पटक बलात्कार गरेको पीडितले बयान दिएकी थिइन् । सोही आधारमा पक्राउ गरी अनुसन्धान पूरा गरेर चितवन प्रहरीले जिल्ला अदालत चितवनमा पेश गरेको थियो ।

भारतीय ...

सवारी चालक तथा सहचालकले नै नेपालमा कोरोना भाइरसको संक्रमण फैलाएको हुनसक्छ ।

झापाको काँकरभिट्टा, भद्रपुर, कचनकवल, टाढानडुब्बा, सतीघट्टा, गौरीगञ्ज लगायतका क्षेत्रबाट दिनहुँ अवैध सामग्रीसहित माछा भित्रिरहेको छ- अध्यक्ष बस्नेतले भने- भारतीय सामग्री लिएर आउने नागरिकबाट कोरोना फैलिरहेको छ । नेपालमा फैलिएको कोरोना अन्य देशबाट आउने नागरिकमा भन्दा भारतबाट आउने नागरिकमा बढी देखिएको छ ।

सरकारले गत चैत ११ गतेबाट करिब ४ महिना लकडाउन गरेसँगै अन्तर्राष्ट्रिय सीमा नाका बन्द गराएको छ । भारतबाट आउने नागरिकलाई निश्चित सीमा नाकाबाट मात्रै प्रवेश गर्न दिइने भन्दै झापासहित देशका १० वटा नाका तोकेर भारतबाट आएका नेपाली नागरिकलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने शर्तमा नेपाल प्रवेश गर्न दिए पनि पछिल्लो समय सीमावर्ती क्षेत्रमा सुरक्षा व्यवस्था कडा नहुँदा लुकीछिपी विभिन्न क्षेत्रबाट नेपाल प्रवेश गर्नेको संख्या ठूलो रहेको पाइएको छ । पश्चिम बंगाल सरकारले कोरोना भाइरस फैलिने भन्दै एकतर्फी रुपमा पूर्वी नाका काँकरभिट्टा एक महिनासम्म ठप्प बनाएको थियो । दुई देशबीच अतिआवश्यक सामग्री आवतजावतमा कुनै रोक नलगाउने सहमति भए पनि भारतले एकपक्षीय रुपमा महिना दिनसम्म पूर्वी नाका ठप्प बनाएको थियो ।

सवारी चालक र सहचालकले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने र कोरोना भाइरस परीक्षण गराएर प्रमाणपत्र साथमा बोक्नुपर्ने नियम बनाइए पनि भारतबाट नेपाल प्रवेश गर्ने चालक र सहचालकले त्यस्ते प्रमाणपत्र साथमा नवोकेको अध्यक्ष बस्नेतले बताए ।

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा
१ नं. प्रदेश, नेपाल

सूचना संशोधन सम्बन्धमा

यस कार्यालयबाट मिति २०७७।०४।२७ गते प्रकाशित कर्मचारी करारमा लिने सूचनामा उमेर १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

रुद्रप्रसाद नेउपाने
प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९५०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

राष्ट्रकविको महाप्रस्थान

नेपाली काव्यधाराका ध्रुव तारा माधवप्रसाद घिमिरेको महाप्रस्थान भएको छ । तत्कालीन राजा ज्ञानेन्द्रबाट 'राष्ट्रकवि' सम्मानद्वारा सम्मानित घिमिरेको मंगलबार अपराह्न आफ्नै निवासमा देहान्त भएपछि नेपाली साहित्य जगतका महानक्षत्र भौतिकरुपले अस्त भएको हो । लमजुङ्ग जिल्लाको पुस्तुन गाउँमा जन्मिएर स्थानीय पाठशालाबाट अक्षरारम्भ गर्नुभएका घिमिरे नेपाली साहित्यका बहुमुखी प्रतिभाका रुपमा स्थापित हुनुभएको छ । उहाँका विभिन्न विधाका कृतिहरुले उहाँको भौतिक अनुपस्थितिलाई अनुभूत हुन दिने छैनन् । ग्रामीण जीवनका अनेक कहरहरु झेल्दै भारतको बनारसमा पुगेर उच्च शिक्षा हासिल गर्नुभएका राष्ट्रकवि घिमिरेका कृतिहरुमध्ये 'गौरी' शोक काव्य सर्वाधिक चर्चित र लोकप्रिय कृति हो । मानव मनका अनुभूतिहरुलाई सरस, सुललित र सौन्दर्यमयी चेतनाद्वारा अभिव्यक्त गौरीका अक्षर-अक्षरमा घिमिरे जीवन्त रहने छन् ।

लमजुङ्गबाट काठमाडौं पुगेपछि कविशिरोमणि लेखनाथ पौड्यालका रचनाहरुसँग साक्षात्कार भई साहित्यप्रति रुची जागेका कारण घिमिरे काव्य रचना तर्फ आकर्षित हुनुभयो । त्यही बसाइले उहाँमा जीवन, जगतका प्रति नवीन धारणाले घर गऱ्यो । त्यसमध्ये पनि काव्यिक चेतनाले जितेर उहाँ लोकगायक बनिनु भयो । अर्थात् उहाँका कविताहरुका भाषा 'गेय' छन् जसलाई सजिलै र जोसुकैले गाउन सक्छ । ग्रामीण जीवनमा लोकगीत सुन्दै हुर्किनुभएका कविवर घिमिरेमा त्यही प्रभावलाई काठमाडौंको बसाइले गाढा बनायो । त्यही गाढा काव्यिक प्रभाव बनारसमा अरु उज्यालियो । त्यसकै परिणाम हो कि मानव, प्रकृति र देशभक्तिका अनेकन गाथाहरु उहाँका कृतिहरुमा मुखरित भएका छन् ।

खाउँ-खाउँ र लाउँ-लाउँ उमेरमा स-साना छोरीलाई समेत छाडेर अनन्त यात्रामा निस्किएकी अर्धाङ्गिनी गौरीसँगको चिरवियोगमा उहाँका अभ्यन्तरका प्रेम र निकटता आँशुका रुपमा पोखिएका छन् । पत्नी वियोगमा सृजना भएको उक्त शोककाव्य नेपाली साहित्य जगतको अद्वितीय कृति हो -जानकारहरु भन्छन् । जीवनको उत्तरार्द्धमा पनि शब्द, श्रृंगारमै रमाउने राष्ट्रकवि घिमिरेका अनेकन कृतिहरु छन् । मालती मङ्गले, उहाँको त्यस्तो समाज सापेक्ष कृति हो जसले सर्वाधिक मञ्चन भएको नाट्य कृतिको सम्मान प्राप्त गऱ्यो । साहित्य सेवाको उच्च मूल्याङ्कन गर्दै उहाँलाई गोर्खा दक्षिण बाहु, त्रिभुवन पुरस्कार, साझा पुरस्कार लगायतका सम्मान प्रदान गरियो । कला, साहित्य, संस्कृतिको उत्थानका लागि स्थापित प्रज्ञा प्रतिष्ठानको कुलपति समेत हुनुभएका घिमिरेको कृतित्व शक्ति उहाँका कृतिहरुले अभिव्यक्ति गरिरहने छन् । उहाँ नेपाली साहित्यको आकाशमा अटल, स्थिर र जाज्वल्यमान भएर रहिरहनु हुनेछ । हामी उहाँप्रति भाव र श्रद्धापूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

हरितालिका पर्वको सान्दर्भिकता

सोमनाथ गौतम

हरितालिका पर्व शिव उपासनासँग सम्बद्ध ऐतिहासिक पर्व हो । यस पर्वले हिजो जति महत्व बोकेको थियो आज पनि उति नै महत्व बोकेको छ । समय सन्दर्भले स्वभाव अनुसार मानवीय शैली भने फेरिन सक्छ । तर, धार्मिक ऐतिहासिक पर्वहरुको औचित्य महत्व चाहिँ खासै फेरिँदैन । कसैलाई फेरिए जस्तो लाग्यो भने कतै म हाम्रा ऐतिहासिक पर्वहरुलाई गलत रुपमा बुझिरहेको त छुइन भनी आत्मसमीक्षण गर्न आवश्यक पर्दछ । यो पर्वमा आफ्ना चेलीबेटीहरुलाई आफ्नो घरमा ल्याएर भाद्र शुक्ल द्वितीयाका दिन मीठो मसिनो, हविस्यान्न (दूध, घिउबाट बनेका परिकार) भोजन गर्ने गराउने र त्रयोदशीको दिन व्रत बसी भगवान् शिवको विशेष उत्सवका साथ पूजन यजन गरी मनाइने गरिन्छ । ऐतिहासिक महत्वका कारणले र वर्षा ऋतुको उत्तरार्द्धमा यो पर्व पर्नाले समेत यस पर्वको उपादेयता झनै बढेको देखिन्छ । यस दिन विशेषतया हाम्रो देशमा नारीहरुले व्रत बसी भगवान् शिवको उपासना गर्ने गरेको पाइन्छ । यसै दिन व्रत किन ? किन नारीहरुले मात्र गरिएको यो व्रत ? के पुरुषहरुले यो व्रत बस्न मिल्दैन ? के व्रत बस्दा पानी पनि पिउन मिल्दैन र ? त्यसमा पनि नेपालमा यस पर्वको विशेष प्रभाव पर्नुको कारण के ? जस्ता धेरै प्रकारका प्रश्नहरु हरितालिका व्रतका विषयमा मेधावी मस्तिष्कले खोज्ने गरेको पाइन्छ । यिनै प्रश्नहरुको शास्त्रीय खोजमूलक उत्तर यस लेखले प्रदान गर्न गइरहेको छ ।

हरितालिका शब्द संस्कृत शब्द हो । हरिता अपहृता आलिकाभिः वा सखीभिः इति हरितालिका यस्तो संस्कृतको बिग्रह अनुसार साथीहरुले अपहरण गरिएकी भन्ने साङ्केतिक अर्थ प्रकट भएको छ । पौराणिक कथाका आधारमा हिमालयले छोरी पार्वतीको विवाह भगवान् विष्णुसँग गरिदिने निर्णय गरेका थिए । पार्वती भने भगवान् शिवलाई आफ्नो पति बनाउन चाहन्थिन् । आफ्नो इच्छा विपरीत विष्णुसँग विवाह हुने कुराले दुःखी भएकी पार्वतीले आफ्ना जया विजया आदि सखीहरुलाई आफ्नो मनको कुरा सुनाएपछि सखीहरुले पार्वतीलाई तत्काल कसैले नदेख्ने जंगलमा लगेका थिए । पार्वतीले पनि एकान्तमा शान्त चित्त बनाएर शिवको उपासना गरिन् । भगवान् शिवले पार्वतीको मनोभावलाई बुझेर दर्शन दिनुभएको थियो । यो दिन भाद्र शुक्ल द्वितीयाको दिन थियो । भगवती पार्वतीले व्रत गरी मनोकामना सिद्ध भएको दिन हुनाले यसदिन व्रत बस्नाले भगवान् शिव प्रसन्न भई असल श्रीमान् प्राप्त हुने र विवाहितका पति दीर्घजीवी हुने जनविश्वास रहिआएको छ ।

यद्यपि भगवान् शिवको उपासना नारी पुरुष दुबैले गर्दा पारिवारिक कल्याण हुने कुरा शास्त्रमा लेखिएको पाइन्छ । पार्वतीले व्रत बसी शिव पति प्राप्त गरेको भएर यसदिन नारीहरुले व्रत बस्ने प्रचलन चलेको हुनुपर्दछ । विवाहित नारीले पतिको सुख, शान्ति र दीर्घायुका लागि व्रत बस्छिन् भने अविवाहित नारीले व्रत बस्दा असल पति प्राप्त हुने शास्त्रीय विश्वास रहेको छ । पतिले पनि आफ्नी पत्नीको दिर्घायु र सुख शान्तिका लागि व्रत बस्दा कुनै फरक पर्दैन । अविवाहित पुरुषले असल कुशल पत्नी प्राप्त गर्न यसदिन व्रत र शिवोपासना गर्नु राम्रो हो, तर प्रायः यसो गरेको पाइँदैन । पक्कै पार्वतीको व्रत सफल भएको दिन नारीहरुले व्रत बस्ने सामाजिक रुढप्रथा चलिआएको हुनुपर्दछ । व्रत संयमताको नाम हो । संयमतालेसकारात्मक सोच बढाउँछ । सकरात्मक सोचले मानिस सुखी हुन्छ । त्यसैले हरितालिका लगायत कुनै पनि व्रत आफ्नो स्वास्थ्यको अनुकूल बस्नु राम्रो हुन्छ । अबको सचेत मानवले संस्कृति प्रतिको सकारात्मक सोच समाजमा जगाउनु पर्दछ । किनभने संस्कृति हाम्रो दिगो पहिचान हो । अनि अतितसँग वर्तमानलाई जोड्ने र भविष्यलाई वर्तमान सुम्पने भरपर्दो माध्यम पनि हो । त्यसैले संस्कृति सकारात्मक रुपमा आत्मसात् गरी भविष्यलाई स्वाभाविक रुपमा हस्तान्तरण गर्नु सचेत व्यक्तिको कर्तव्य हो । भगवान् शिव र शक्तिको उपासनाले गृहस्थीहरुलाई सुखी तुल्याउँछ । भागवतमा भनिएको छ -

विद्याकामस्तु गिरीशं दाम्पत्यार्थं उमां सतीम् ।
(भा. पु. २/३/७)

अर्थः विद्या, बुद्धि चाहने व्यक्तिले भगवान् शिवको उपासना गर्नुपर्दछ भने दाम्पत्य जीवन सुखी बनाउन चाहनेले सतीसहित भगवान् शिवको उपासना गर्नुपर्दछ । यसै भावनालाई आत्मसात् गरेर हाम्रो समाजमा स्वस्थानी, हरितालिका, शिवरात्री जस्ता पर्वहरुमा विशेष व्रत उत्सव गरिने गरिन्छ । फेरि हाम्रो देश नेपाल शिवशक्ति निवास भएको देश हो । हामी कहाँ श्रीपशुपतिनाथ, डोलेश्वर, पिण्डेश्वर, जलेश्वर जस्ता अनेकौं भगवान् शिवका पीठहरु र गुह्येश्वरी, दन्तकाली, बज्रयोगिनी, सिद्धेश्वरी, साकम्बरी जस्ता अनेकौं शास्त्रमा वर्णित शक्तिपीठहरु रहेका छन् । स्कन्दमहापुराण अन्तर्गत हिमवत्खण्डमा त पशुपतिक्षेत्र, गण्डकीक्षेत्र, देवघाट, मुक्तिनाथ, मानसरोवर,

वाराहक्षेत्र, सप्तकोशी, सप्तगण्डकी, हिमालय क्षेत्र लगायत समग्र नेपाललाई देवदेशो हिमालय भनी देवताको देशका रुपमा चिनाइएको छ । यस्ता ऐतिहासिक, पौराणिक तथ्यहरुबाट हाम्रा पुर्खाहरु शिवशक्तिका उपासक थिए भन्ने कुरा स्पष्ट हुन जान्छ । त्यसैले हाम्रा धार्मिक सांस्कृतिक पर्वहरु शिवशक्तिको उपासनापरक रहेका छन् ।

भगवान् शिवको परिवारमा प्राकृतिक विपरीत धर्मी प्राणीहरुको सहज निवास छ । शिवको वाहान साढे (गोरु) पार्वतीको वाहान सिंह, सिंहले गोरुलाई आहारा बनाउँछ । गणेशको वाहान मूसो, कार्तिकेयको वाहान मयूर, मयूरले मूसो मारिदिन्छ । यता शिवका गहना गोमनको आहारा नै मूसो हो । गोरु र सिंह, मयूर र मूसा, सर्प र मूसा जस्ता प्राकृतिक शत्रुलाई मिलाउन सहज क्षमता भगवान् शिवमा रहेको छ । अनि आफू विष पिएर अरुलाई अमृत पान गराउने उदारवादी स्वभाव केवल भगवान् शिवमा मात्र भएको कुरा पौराणिक कथाले व्यक्त गरेको पाइन्छ । त्यसरी नै गृहस्थीका परिवारमा पनि बुबा-आमा, श्रीमान्-श्रीमती, छोरा-छोरी, नाति-नातिना लगायत धेरै जनाको बसोबास हुन्छ । एकआपसमा मिलेर बस्ने सहज भावना विकास गर्न गृहस्थीले भगवान् शिवको सफल गृहस्थको स्मरण गर्दै व्रत उपासना गर्ने गरिएको हो । 'पिण्डे पिण्डे मतिर्भिन्ना' हरेक मष्तिस्कमा अलग-अलग बुद्धि हुन्छ । बुद्धि अनुसारको विचार हुन्छ ।

विचार अनुसारको व्यवहार गर्न चाहन्छ, हरेक व्यक्तिले आफ्नो विचार अनुसारको व्यवहार कार्यान्वयन गर्न खोज्नु मानवीय स्वभाव हो । विचार नमिल्नाले हरेक घरमा, गाउँमा र समग्र राष्ट्रमा समेत अशान्ति फैलिन्छ । सबल र सार्थक विचारको विजय हुन सक्यो भने मात्र मानव सभ्यताको संरक्षण, सम्बर्द्धन र समुन्नति हुन सक्दछ । यसका लागि भगवान् शिवको उपासना र चिन्तनको आवश्यकता पर्दछ । गृहस्थीले शिवको सेवा गर्नाले, व्रत बस्नाले घरभित्रका मसिना वैचारिक र व्यवहारिक द्वन्द्वको सामना तथा सहजीकरण गर्न आन्तरिक क्षमता प्राप्त हुन्छ । यतिमात्र होइन निष्ठापूर्वक गरिएको शिवशक्ति उपासनाले जैविक शक्ति, प्राज्ञिक शक्ति, व्यवहारिक शक्ति, सामाजिक शक्ति र राष्ट्रिय शक्ति समेत मौलाउने भएकाले हरितालिका जस्ता व्रतले घर मात्र नभएर समाज राष्ट्र र विश्वसँग समेत अव्यक्त सम्बन्ध राखेको अनुभूति गर्न सकिन्छ । आ-आफ्नो विचारलाई स्वच्छ, स्वस्थ र समृद्ध बनाउन हरेक व्रत, सत्सङ्ग र उपासनाको ठूलो भूमिका रहेको हुन्छ । त्यसैले हाम्रा पूर्वजहरुले यस्ता धार्मिक, सांस्कृतिक पर्वहरुको प्रचलन चलाएका हुन् ।

भाद्र शुक्ल प्रतिपदाका दिन छोरीचेलीहरुलाई आ-आफ्ना माइतमा ल्याएर मीठा-मसिना साकारी खानेकुरा खाने र भोलिपल्ट द्वितीयाका दिन व्रत बसी भगवान् शिवको पूजन यजन गर्ने गरिएको छ । हिजो पहाडमा खानलाउन नै हम्मे-हम्मे पर्ने र बुहारीका घरभित्रका र खेतबारीका धेरै काम एवम् घास-दाउराले थकित भएका महिलाहरुलाई तीजमा दाजुभाइ लिन गएपछि अपार खुशीसँग माइत आएर दर खाने, व्रत बस्ने र शिवको पूजन यजन गरी नाच्ने हास्ने र वर्षभरिका दुःख-कष्ट बिर्सने गरिन्थ्यो । आफ्नो घरमा बुहारी उपाधिमा भन्दा नारी छोरी उपाधिमा धेरै स्वतन्त्र हुने भएकीले पनि यस दिन प्रायशः माइतमा दरखाने, व्रत बस्ने, शिवपूजन गर्ने, आफ्ना हृदय मिलेका बालसखीहरुसँग दुःख-सुख साटासाट गरी नाच्ने, गाउने जस्ता क्रियाकलापले मनमष्तिस्क हलुङ्गो पार्न सकिने भएकाले पनि यस पर्वको उपादेयता बढेको हो । यो पर्व धार्मिक, सांस्कृतिक, सामाजिक र व्यवहारिक दृष्टिले र वर्षा ऋततुको अन्त्यमा हुने भएकाले पर्यावरणीय दृष्टिले समेत सौहार्दपूर्ण पर्व हो ।

आज हरितालिकाको पर्वगतशैली निकै फेरिँदै गएको देखिन्छ । १५, २० दिनभन्दा अघिदेखि नै दर खान शुरु गर्ने रवाफिलो र भड्किलो नवविकसनशील शैलीले समान्य आर्थिक अवस्था भएका व्यक्तिहरुलाई अफ्टेरो पार्न सक्छ । मिठो मसिनो खानु, भगवद्सेवा गर्नु, नाचेर गाएर रमाइलो गर्नु त राम्रो कुरा हो, तर हरेक चाड पर्वको उपलक्ष्य पारी गरिने एकल अथवा सामुहिक भोजको शैली पर्वगत अस्तित्व र मर्यादालाई उल्लङ्घन नहुने गरी गर्नु सचेत मानवको कर्तव्य पनि हो । आज वैश्विक महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसले समेत हामीलाई हाम्रा पूर्वीय सभ्यताका निष्ठा आहार, व्यवहार, शैली र स्वभाव शास्त्रोक्त विधिमा गर्नुपर्ने अव्यक्त सन्देश प्रवाह गरिरहेको महशुस गर्न सकिन्छ । व्रत विशेष पर्वमा असात्विक तामसी भोजन गर्नु, मद्यपान गर्नु, उत्ताउलो शैली अवलमबन गर्नु जस्ता कृत्यहरु आकल झुकल कतै कतै गर्न थालिएको बुझिन्छ । यस्तो कृत्य नेपाली वैदिक हिन्दू पर्वहरुको मर्म नबुझ्ने आयातित धर्मका भरौटेहरुबाट वैदिक सामाजिक सद्भाव धमिल्याउन खोजेको हुनसक्छ । यसबाट सबैले सचेत हुन आवश्यक छ ।

हामीले यस्ता पर्वहरु मनाइ रहँदा सामान्यतया बसोबास र रहनसहनले शैली परिवर्तन भए पनि पर्वगत सकरात्मक भावलाई विचलित गराउनु हुँदैन । यसो गरिएमा मात्र हाम्रो सांस्कृतिक अस्तित्वको संरक्षण र सम्वर्द्धन गर्न सकिन्छ । यदि अस्तित्वको संरक्षण गर्न नसके स्वभिमानी र तथ्यपरक नेपाली पहिचान समेत जोखिममा पर्न सक्दछ । त्यसैले आफ्ना पहिचानगत पर्वहरु मनाउँदा भड्किलो स्वाप र अर्कालाई फगत प्रभाव देखाउने शैलीले पर्वगत मर्यादालाई उल्लंघन गर्नुहुँदैन । त्यसमा पनि अहिलेको वैश्विक महामारीका रुपमा देखा परेको कोरोना भाइरसको त्रासदीय अवस्थामा जमघट, भेला, हुनुभन्दा आ-आफ्ना घरमा दर खाने र व्रत बसी भगवान् शिवको उपासना गर्नाले आफू आफन्त, समाज, राष्ट्र एवम् समग्र मानव सभ्यताकै संरक्षणमा ठूलो योगदान पुऱ्याएको साबित हुनेछ ।

भाद्र शुक्ल द्वितीयाका दिन पर्ने हरितालिका पर्व शिव उपासना परक पर्व हो । प्रतिपदाका दिन आफ्ना दिदी-बहिनीलाई घरमा ल्याएर हविष्यान्न (दूध, घिउ आदि)बाट बनेको दर खुवाउने र द्वितीयाका दिन व्रत बसी भगवान् शिव पार्वतीको पूजा आराधना गर्ने प्रचलन रहेको छ । भगवान् शक्तिसहित शिवको उपासना गर्नाले गृहस्थीहरु सुखी हुने कुरा शास्त्रमा उल्लेख गरिएको छ । भड्किलो र स्वाफिलो शैलीले पर्व मनाउनु नराम्रो कुरा मात्र होइन यसले त मानवको मन मष्तिष्कमा नै गलत कुराको छाप पारी दिन्छ । जसले मनमा अशान्ति र व्यवहारमा समेत असफलता हात लाग्दछ । त्यसैले हाम्रा हरितालिका लगायत सम्पूर्ण सांस्कृतिक पर्वहरु मनाउदा पर्वको मूल्य-मान्यतालाई आत्मसात् गर्दै सभ्य शैलीमा मनाउनु पर्दछ । हाम्रा पुर्खाले लामो समयको अभ्यास र तपस्याबाट हामीसम्म प्राप्त संस्कृतिमा विकृति भर्यौं भने वंश विनाश गरे झैं परम्परा प्राप्त संस्कृति वञ्चनाको ठूलो दोषको भागी बन्नुपर्ने हुन्छ ।

अतः सांस्कृतिक शैलीमा देखिएका विकृति हटाउँदै सभ्य शैलीमा पर्व मनाउनु रचेत मानवको रबल कर्तव्य हो । यसपाली त कोरोना भाइरस जस्तो कुरोगले मानव सभ्यतालाई नै विचलित तुल्याएको छ । त्यसैले आ-आफ्नो घरमा सभ्यशैलीमा र सावधानीपूर्वक पारिवारिक वातावरणमा हरितालिका पर्व मनाऔं । हरितालिका पर्वको व्रत बसी शिवशक्ति उपासना मा जुटनु हुने आमा दिदी, बहिनी, समग्र मातृशक्ति र भक्तजनको कल्याण होस् भनी राष्ट्रदेव भगवान् पशुपतिनाथसँग प्रार्थना गर्दै सवैमा रोग, शोक, भय हटोस्, सुख शान्ति र समृद्धि प्राप्त होस्, कोरोनागत भयलाई शक्तिमा बदल्न सकियोस् भनी हरितालिका पर्वको सबैलाई शुभकामना व्यक्त गर्दछु ।

(गौतम श्रीसाङ्गवेद संस्कृत विद्यालय चारपानेका शिक्षक हुन् ।)

सुरञ्जन घिमिरे

अनलाइन पत्रकारिता बुझाइ र भ्रम

केही महिनाअघि काठमाडौंबाट घर फर्किएको बेला हाल संगीत क्षेत्रमा रहेका एकजना पुरानो सहपाठीसँग केहीबेर कुराकानी भएपछि उनले सोधे- 'ए साँची तिमी त अनलाइनमा काम गर्छौं होइन ? त्यसको युट्युब पनि छ नि कति सस्क्राइब छ ? मेरो एउटा इन्टरभ्यू हाल्न मिल्छ ?' यसपछि उनले युट्युबमा इन्टरभ्यू हालेपछि त्यसले त गजपै 'काम गर्ने' पनि बताए ।

अनलाइन पत्रकारिताबारे भ्रमको प्रसङ्ग यतिमा मात्र सीमित छैनन् र ती केबल प्रसङ्ग मात्र होइनन्, यस क्षेत्रबारे आम मानिसको भ्रमपूर्ण बुझाइ हो जस्तो मलाई लाग्यो । यो प्रसङ्ग जस्तै आम मानिसको यस्तो बुझाइले पत्रकारिताको सैद्धान्तिक ज्ञान हाँसिल गरेर व्यावसायिक रूपमा अनलाइनमा पत्रकारिता गरिरहेका सम्पूर्ण पत्रकारलाई अपरिपक्व कोटामा जबरजस्ती हाल्ने प्रयास गरिररहेको छ ।

हुन त नेपालमा अनलाइन पत्रकारिताको इतिहास धेरै लामो छैन । सन् १९९३ मा नेपाल न्यूज डटकम नै नेपालको पहिलो अनलाइन समाचार पोर्टल मानिन्छ । तीन दशकको यात्रामा पुग्न लागेको नेपाली अनलाइन पत्रकारिताबारे आम मानिसको धारणा परिपक्व बनिनसक्नु सामान्य नै होला । तर, अनलाइन पत्रकारिताबारे गलत धारणा बन्नु यो क्षेत्रमा काम गरिरहेका सबै पत्रकारका लागि नाक खुम्च्याउने विषय हो नै । अधिकांश मध्ये केही श्रोता, दर्शक र पाठकले अनलाइन पत्रकारितालाई यसरी बुझिदिँदा यो पेशामा आउन चाहने नयाँ पुस्ताप्रति निराशा पैदा हुन सक्छ ।

पत्रकारिताको विद्यार्थी भएकाले यो क्षेत्रप्रति आम मानिसको धारणा कस्तो रहेछ भन्ने बुझ्नु उपयोगी रहने उद्देश्यले यसबारे मलाई चासो लाग्छ । नेपालमा रहेका धेरै अनलाइन समाचार पोर्टल र यसका मिडिया हाउस (केही अनलाइनहरू झोलाबाट पनि चल्ने गरेका छन्)हरूले सैद्धान्तिक र व्यवसायिक स्वच्छता हासिल गर्न सकेका छैनन् । तर, यसो भन्दैमा के सबै अनलाइनहरूले पत्रकारिको सिद्धान्त र आचारसंहितालाई मानेका छैनन् त ? यो प्रश्न पनि न्यायपूर्ण हुने छैन । यस्ता प्रश्नले भएभरका अनलाइनलाई एउटै डालोमा हालेर हेर्ने श्रोता, दर्शक र पाठकलाई थप प्रश्रय दिनेछ ।

यहाँनेर एउटा अनुभव राख्नु सान्दर्भिक होला । २०७३ सालमा म एउटा अनलाइनमा काम गर्थें । समाचारको शीर्षकसम्म लेख्न नजान्ने व्यक्ति त्यस अनलाइनका 'एडिटर इन चिफ' थिए ।

मैले उनको व्यक्तिगत सक्षमता होइन, समाचारप्रति उनको विज्ञता कति रहेछ त्यसप्रति मात्र प्रश्न गर्न खोजेको हूँ । हुन त 'बिरालो कालो, सेतो जस्तो भए पनि हुन्छ मुख्य कुरा त्यसले बिरालो मार्न सक्छ कि सक्दैन ?' भन्ने कुरा प्रमुख हुन्छ भनेजस्तै समाचार शीर्षक र त्यसमा प्रयुक्त भाषा जस्तो भए पनि चल्छ, मुख्य कुरा त्यसले समाचारको धर्म निभाउन सक्यो कि सकेन ? भन्ने तर्कलाई केन्द्रविन्दुमा राख्ने त्यस्ता तमाम 'एडिटर इन चिफ'प्रति मेरो सम्मानभाव नै रहने छ । किनकि, स्वदेशमै केही गर्न खोज्ने र धेरथोर जति हुन्छ पत्रकारलाई रोजगारी दिएर तलब दिनसक्ने उहाँहरूको क्षमतालाई म जस्ता 'स्टर्गल फेज'का कोही पनि पत्रकारले सम्मान गर्नैपर्छ । तर, यस्ता मिडिया हाउसमा काम गर्दा आफ्नो विकास कतिको हुन्छ त ? यो प्रश्न आफैंलाई भने सोध्नै पर्छ ।

अझै पनि धेरै यस्ता श्रोता, दर्शक र पाठक हुनुहुन्छ जसलाई पत्रिकामा छापिएपछि, रेडियोमा वा टेलिभिजनमा बजेपछि मात्र त्यो समाचार पक्का समाचारको दर्जा पाउन सक्षम भई दिने गर्छ । यसमा म अर्को एउटा प्रसङ्ग जोड्न चाहन्छु । केही दिनअघि कालिकोटका विजय शाहीले 'पाँच मिनेटमै किताब पढ्न सक्ने' विषय 'समाचार' एकाएक बाहिर आयो । हेर्दा आश्चर्य लाग्ने यो भिडियो 'समाचार'का 'इन्डेप्थ स्टोरी' अरू केही होला या नहोला त्यतातिर अहिले नजाऔं तर यो 'समाचार' देखाउनसाथ मलाई मेरो ठूलो बुबाले प्रश्न गर्नुभयो- 'यो युट्युबमा आएको हो कि टीभीकै समाचारमा बजेको हो ?' यसपछि हाम्रा केही सवाल, जवाफ भए त्यतातिर पनि अहिले नजाऔं । तर, यसले आममानिसमा युट्युब 'पत्रकारिता'ले सबै मानिसलाई विश्वास दिलाउन सकेको छैन भन्ने एउटा उदाहरण त प्रस्तुत गरेको छ ।

अहिले पत्रकारिता क्षेत्रमा जिउँदाजाग्दो एउटा प्रश्न उठेको छ- युट्युबकारिता पत्रकारिता हो कि होइन ?, के अनलाइनले पोष्ट गरेका सबै समाचार सत्यतथ्यमा आधारित हुन्छ वा हुँदैन ? यसको सामान्य जवाफ यस्तो हुनसक्ला- पत्रकारिता 'फेसबुककारिता' र 'युट्युबकारिता' पनि हो तर सबै 'फेसबुककारिता' र 'युट्युबकारिता' पत्रकारिता होइन । तर, आममानिसले यो बुझेका हुँदैनन् कि भाइरल भनिएको 'समाचार' लेख्ने वा प्रस्तुत गर्ने मिडिया हाउसको सम्पादकीय नेतृत्व कस्तो छ ? कसको बाइलाइनमा समाचार लेखिएको छ ? वा त्यो समाचार लेख्ने 'पत्रकार'मा पत्रकारिताको सैद्धान्तिक ज्ञान कति छ ? यस्ता प्रश्न थाहा नभएका आममानिस सूचना विभागमा दर्ता नै नभई, पत्रकारिताको सामान्य धर्म नै पूरा नगरी सञ्चालित युट्युबकारिता र अनलाइनबाट अहिले झुक्किरहेका छन् । आममानिसमा 'मिडिया लिटेरेसी'को ज्यादै कम रहेको अवस्थालाई नजरअन्दाज गर्दै काठमाडौंलाई मात्र अनलाइन पत्रकारिताको आधार क्षेत्र मानेर पत्रकारिता गरिरहँदा

(बाँकी पृष्ठ ३ मा)

स्व. वीरमानको इच्छा पूरा, पीसीआर ल्यावलाई ४१,०००

तुलसीप्रसाद निरौला

बिर्तामोड, भदौ ३। मानिसका इच्छा, चाहना अनेक हुन्छन् तर सबै पूरा हुँदैनन् ।

आफूले इच्छा गरेको काम जीवनकालमै पूरा हुँदा खुशी लाग्छ तर त्यही इच्छा पूरा गर्न सकिएन भने मृत्युपर्यन्त पनि पीडा हुन्छ भन्ने गरिन्छ । त्यस्तो इच्छा, चाहनालाई आफ्ना आफन्तजन, साथीभाइले पूरा गरिदिए भने मरेर गएकाको आत्माले पनि शान्ति पाउँछ ।

यस्तै उसुका राष्ट्रिय खेलाडी वीरमान वाइवाको इच्छा उनको मृत्युपर्यन्त उनका साथीहरुले पूरा गरिदिएका छन् । 'एकका लागि एक' अभियानको अगुवाईमा झापाको कनकाई नगरपालिका-४ कोटीहोमको समर्पण राष्ट्रिय अभियानको भवनमा कोरोना भाइरस संक्रमितको पीसीआर परीक्षण गर्न स्थापित पीसीआर ल्यावका लागि आर्थिक सहयोग गर्ने इच्छा राखेका उसुका राष्ट्रिय खेलाडी वीरमान वाइवाको इच्छा उनका साथीहरुले पूरा गरिदिएका छन् ।

झापामा कोरोना भाइरस संक्रमितको संख्या वढीरहेको अवस्थामा जनस्तरबाट झापाको कनकाई नगरपालिका-४ कोटीहोममा स्थापित पीसीआर ल्यावका लागि आर्थिक सहयोग गर्ने इच्छा राखेर रकम संकलन गरिरहेका वीरमानको गत असार १४ गते आइतवार काभ्रेको बेथानचोकस्थित

स्व. वीरमान वाइवा

निवासमा निधन भएको थियो । असार १३गते शनिबार राति सुतेका उनी आइतबार बिहान मृत अवस्थामा भेटिएका थिए ।

२०५० साल चैत २६ गते जन्मिएका वीरमान नेपाली सेनाको उसु टिममा आबद्ध थिए । उनी सन् २०१८मा इण्डोनेसियामा भएको १८औं एसियाली खेलकुदमा सहभागीता जनाउन गए पनि उनले खेल्न पाएनन् । त्यसअघि राखेप च्याम्पियनसिपमा पदक जितेका वीरमान उसु खेल्नु अघि क्योकुसिन करातेका खेलाडी थिए ।

समाजमा केही राम्रो काम गर्नुपर्छ भनेर लागीपरेका उनी जनस्तरबाट झापाको कनकाई नगरपालिका-४ कोटिहोममा स्थापित पीसीआर ल्यावका लागि आर्थिक सहयोगका लागि रकम संकलनमा व्यस्त थिए । उनको अकल्पनिय निधन भएपछि वीरमानले शुरु गरेको कार्यको उच्च सम्मान गर्दै सबै खेलाडी मिलेर पीसीआर ल्यावका लागि ४१ हजार रुपैयाँ प्रदान गरेको नेपाली सेनाका उसु कोच राजीव महर्जनले जानकारी दिए ।

वीरमानले जनस्तरबाट झापाको कनकाई नगरपालिका-४ कोटीहोममा स्थापित पीसीआर ल्यावका लागि सबै मिलेर सहयोग गर्नुपर्छ भनेर रकम संकलन शुरु गरेको र उसको निधन भएपछि खेलाडी साथीहरु मिलेर रकम संकलन गरी पीसीआर ल्यावका लागि सहयोग गरेको नेपाली सेनाका उसु कोच महर्जनले जानकारी दिए ।

एकका लागि एक अभियानका सह संयोजक विनोद वस्नेतले सरकार-समुदाय-सहकारी-निजी क्षेत्रको साझेदारीमा जनस्तरबाट झापाको कनकाई नगरपालिका-४ कोटिहोममा स्थापित पीसीआर ल्यावका लागि आर्थिक सहयोग गरेकोमा स्व.वीरमानलगायत सबै खेलाडीहरुमा धन्यवाद दिएका छन् ।

होम क्वारेन्टाइन व्यवस्थापन मापदण्ड-२०७७ जारी

मेचीनगर, भदौ ३। मेचीनगरकाका कुनै पनि स्थानमा अनावश्यक रुपमा सवारी साधन पार्किङ नगर्न/नगराउन मेचीनगर नगरपालिकाले जानकारी गराएको छ ।

नगर स्तरीय कोरोना भाइरस संक्रमण नियन्त्रण कार्यदल २०७७ को वैठकले भारतबाट आउने विभिन्न मालवहाक सवारी साधनहरु नगरक्षेत्रभित्र विशेषगरी पेट्रोल पम्प, धर्मकाँटालगायत मुख्य: लोकमार्गमै लामो समयसम्म पार्किङ गरी राख्ने र सवारी चालकलगायतको टोलीले लोकमार्गलगायतका क्षेत्रमा खाना तथा खाजा बनाएर खाने तथा होटल पसलबाट सामान समेत खरिद गर्ने गरेका कारण कोरोना भाइरस संक्रमण फैलिन सक्ने सम्भावना देखिएको हुँदा कुनै पनि ढुवानीका सवारीसाधनलाई अनावश्यक पार्किङ नगर्न/नगराउन पेट्रोल पम्प, धर्मकाँटा र सम्बन्धित सवैमा जानकारी गराई कार्यान्वयन गर्न स्थानीय प्रशासनलाई अनुरोध गर्ने निर्णय बैठकले गरेको छ ।

भारतलगायत तेस्रो मुलुकबाट नगर प्रवेश गर्नेको संख्या नियमित रुपमा बढी रहेको हुँदा क्वारेन्टाइन स्थलको अभाव देखिएको हुँदा आदर्श मावि मेचीनगर-८ इँटाभट्टा, जनकल्याण प्रावि मेचीनगर-१ लाई आवश्यकता अनुसार पुन: क्वारेन्टाइनस्थलको रुपमा सञ्चालन गर्ने निर्णय बैठकले गरेको छ । मेचीनगर नगरपालिकाका स्थायी बसोबासी भारतलगायत तेस्रो मुलुबाट आएमा निजले पीसीआर परीक्षण गरी आएको भए सो रिपोर्टका आधारमा परिवारको सहमति टोल विकास समिति तथा वडा समितिको सिफारिसमा १४ दिन होम कवारेन्टाइन बस्न अनुमति दिने समेत बैठकले निर्णय गरेको नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेतीले बताए ।

त्यस्तै कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यदलको बैठकले होम क्वारेन्टाइन व्यवस्थापन मापदण्ड-२०७७ जारी गरेको छ । बैठकले १२ वटा बुँदामा मापदण्ड तयार गरेको छ । होम क्वारेन्टाइनका लागि तोकिएको घरमा परिवारका सदस्यबाट अलग रहने गरी शौचालयसहित अलग कोठा हुनुपर्ने, होम क्वारेन्टाइनमा बस्ने व्यक्तिले परिवारका अन्य सदस्यहरुबाट न्यूनतम् १४ दिन १ मिटरको दुरी कायम राखी आवश्यक सहयोग लिनुपर्ने, परिवारका अन्य सदस्यका लागि अनिवार्य रुपमा अलग कोठा शौचालय भएको घरलाई मात्र होम क्वारेन्टाइन तोक्न सकिने होम क्वारेन्टाइन व्यवस्थापन मापदण्ड-२०७७मा उल्लेख छ ।

यसैगरी, होम क्वारेन्टाइन तोकिएको घरमा अन्य व्यक्तिहरुको आवतजावत पूर्णरुपमा निषेध गरिएको हुनुपर्ने, होम क्वारेन्टाइन तोकिएको घरको शैचालयमा पर्याप्त पानी आवश्यकता अनुसार मास्क, सेनिटाइजर, ग्लोब्स र सावुन पानीको व्यवस्था हुनुपर्ने, होम क्वारेन्टाइमा बस्ने व्यक्तिले पूर्णरुपमा स्वयम् जिम्मेवार भएर बस्नुपर्ने, परिवारका सदस्यहरुको सुरक्षणको दायित्व समेत निजकै हुने, होम क्वारेन्टाइमा बस्ने व्यक्तिले २० सेकेण्डसम्म सावुन पानीले हात धुने विधिप्रयोग गरी हात सफा नगरी नाक, मुख र आँखा छुन नहुने हुँदा यसप्रकारका स्वास्थ्य सुरक्षामा ध्यान दिनुपर्ने, होम क्वारेन्टाइमा बस्ने व्यक्तिले दिनको दुईपटक थर्मोमिटर प्रयोग गरी आफ्नो ज्वरो मापन गर्नुपर्ने, ज्वरो मापन गर्दा ज्वरो देखिएमा तत्काल वडामा तोकिएको स्वास्थ्यकर्मीसँग सम्पर्क गर्नुपर्ने, होम क्वारेन्टाइमा बस्ने व्यक्तिले अनिवार्य रुपमा मास्क, सेनिटाइजर, ग्लोब्स प्रयोग गर्नुपर्ने, प्रयोग गरिएका मास्क, सेनिटाइजर, ग्लोब्स बिर्को बन्द गरिएको डस्टवीनमा राख्न र पछि सुरक्षित तरिकाले नष्ट गर्नुपर्ने लगायतका कुरालाई मापदण्ड-२०७७ मा उल्लेख गरिएको छ ।

आफ्नै साथीले गरे यादवको हत्या

सुनसरी, भदौ ३। सुनसरी खोलामा मृत फेला परेका भोक्राहा नरसिंह गाउँपालिका-७ सुनसरीका २२ बर्षीय गुणराज यादवको हत्या भएको पुष्टि भएको छ भने हत्या संग्लग्न पाँच जनालाई पक्राउ गरिएको छ ।

गत श्रावण ३१ गते सुनसरी खोलामा बोराभित्र मृत अवस्थामा फेला परेका यादवको सम्बन्धमा अनुसन्धान गर्दा यादवलाई निकै साथीहरु स्थानीय ४२ बर्षीय दिनेश महतो, २० बर्षीय पप्पु राम, १९ बर्षीय शिवकुमार मेहेता, दीपककुमार यादव र प्रदीप रामले हत्या गरेको खुल्न आएसँगै पाँचै जनालाई पक्राउ गरिएको हो ।

उनीहरुले श्रावण २९ गते साँझ ७ बजेको समयमा पालैपालो कुटपिट गरी हत्या गरेको र चोकरको बोरामा हालेर सुनसरी खोलामा लगी फालेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको तथा अन्य थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

माछा मार्दा करेन्ट लागेर मृत्यु

झापा, भदौ ३। झापाको कमल गाउँपालिका-२का २२ बर्षीय बिशाल रिजालको करेन्ट लागेर मत्यु भएको छ ।

स्थानीय क्याम्पा खोलामा करेन्ट लगाई माछा मार्ने क्रममा आफैलाई अचानक करेन्ट लागेर घाइते भएका रिजाललाई उपचारको लागि लाइफलाइन अस्पताल दमक लगिएकोमा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

लोपोन्मुख लोकबाजा सम्बन्धी अनुसन्धान गरिने

विरटनगर, भदौ ३। विशिष्ट संस्कार र संस्कृतियुक्त विविध जातजाति र भाषाभाषीको सघन बसोबास रहेको प्रदेश नं. १मा प्रचलित मौलिक तथा लोपोन्मुख परम्परागत लोकबाजासम्बन्धी अध्ययन-अनुसन्धान गरिने भएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, संगीत विभागको संयोजनमा यस्तो अध्ययन-अनुसन्धान गरिने भएको हो ।

मानव सृष्टिको आरम्भदेखि नै मानिसले चाडपर्व, मेला, जात्रा आदिमा मनोरञ्जनका माध्यमका रूपमा प्रयोग गर्दै आएका टुङ्ना, मादल, सारङ्गी, डम्फू, खैँजडी, दमाहा, ट्याम्को, बाँसुरी, ढोल, च्याब्रुङ, सहनाई, झ्याली, ढोलकी, नरसिङ्गा, कर्नाल, मुरली, मुर्चुङ्गा, बिनायो जस्ता मौलिक र परम्परागत मौलिक नेपाली लोकबाजाको समाजमा विशिष्ट स्थान र पहिचान रहेको र तिनको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले अध्ययन-अनुसन्धान गर्ने निर्णय गरिएको विभागीय प्रमुख अशोक राईले बताए ।

प्राज्ञ राईले भने- परम्परागत मौलिक लोकबाजाहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि दीर्घकालीन योजना बनाएर युवा पुस्तालाई तिनका बारेमा सचेतना जगाउनु र आर्यआर्जनसँग जोड्नु आजको आवश्यकता हो । यो अध्ययन-अनुसन्धानको उद्देश्य पनि त्यही नै रहेको छ । उनका अनुसार अनुसन्धानमा बाजाहरूको इतिहास, परिचय, ऐतिहासिक तथा सांस्कृतिक पक्ष, बाजा प्रयोग गर्ने जाति, समुदाय र बाजा पाइने क्षेत्रलाई समेटिने छ ।

अनलाइन...

अनलाइन पत्रकारिताले देशव्यापी पकड जमाउन सक्ने सम्भावना एकदमै न्यून रहेको सत्यता साँचो पत्रकारिता गर्ने पत्रकार, मिडिया हाउसका लगानीकर्ता, पत्रकारिता विषय पढाउने विश्वविद्यालय र कलेजसमेतले स्वीकार्नै पर्ने अवस्था छ ।

जबसम्म युट्युबमा आउने समाचार केबल भ्यूज बढाउने अस्त्रका रूपमा मात्र प्रयोग भइरहन्छन्, युट्युब वा अनलाइनमा आएका समाचारप्रति कसैको असन्तुष्टि भए, तिनका 'कन्टेन्ट'ले आफ्नो मानहानी भए, तथ्यगत आधारबिनै कसैप्रति नकारात्मक टिप्पणी गरे प्रेस काउन्सिलमा उजुरी हाल्न सकिन्छ र त्यस्ता बखत ती अनलाइन पनि पीडितप्रति जिम्मेवार रहन्छन् भन्ने ग्यारेन्टी महशुस आममानिसले गर्न सक्दैनन् तबसम्म अनलाइन र 'युट्युबकारिता' फगत 'गरिखाने भाँडो' मात्र बनिरहन्छ । यस्ता अनलाइन र 'युट्युबकारिता' जबसम्म फेक न्युजका झुण्ड बनिरहन्छन् यिनले सही ट्र्याकमा गुडिरहेको गाडीलाई गलत ट्र्याकबाट आएको गाडीले ठक्कर दिए जस्तै श्रोता, पाठक र दर्शकप्रति जिम्मेवार र 'अथेन्टिक' अनलाइन र युट्युबलाई दुर्घटनाग्रस्त पार्ने जोखिम रहिरन्छ ।

केबल लाइक र सेयरको भरमा समाचारको फैलावटलाई आधार मानिने नाममा एकपटक सेयर भएको समाचारलाई एकसय पटक शेयर भएको देखाउन वेबसाइट सेटिङलाई अनेक तिकडम् प्रयोग गर्नेसम्मको तुच्छ कर्म हामी कसैबाट भइरहेको छ भने त्यो क्षणिक लाभमात्र सावित हुनेछ । यस्तो तिकडम्ले त्यो समाचार पोर्टलका मालिकले केही समय विज्ञापनदाता झुक्याएर विज्ञापन पोस्टमार्फत केही रकम त पक्कै संकलन गर्लान् । तर, त्यस्ता मिडिया हाउस र समाचार पोर्टल सबै श्रोता, दर्शक र पाठकको नजरमा दीर्घजीवी भएर रहन सक्छन् भन्नेमा शङ्का मान्ने ठाउँ धेरै रहन्छ ।

हाल विद्यमान कोरोना भाइरसको महामारीबारे पनि धेरैजसो अनलाइनमा विभिन्न भ्रमपूर्ण समाचारहरू आइरहेको देखिन्छ । यसबाट त्यो समाचारको 'लिङ्क'लाई श्रोता, दर्शक र पाठकले एकपटक 'क्लिक' त गर्लान् । तर, त्यो समाचार पढिसकेपछि त्यो समाचारप्रति उनीहरूले कस्तो धारणा बनाउलान् ? पत्रकारिताको अभ्यास गरिरहेका सबै पत्रकार र अनलाइन मिडिया हाउसले यो गाम्भीर्यतालाई मनन् गर्न सकेको देखिँदैन ।हुन त सम्बन्धित मिडिया हाउस वा सम्पादकीय नेतृत्व कुन राजनीतिक आस्थासँग नजिक छ ? यसले पनि त्यहाँको पत्रकारितामा प्रभाव पार्छ । संसारका चार मिडिया सिद्धान्तहरूसँग समाचार संस्थाको झुकाव रहनु नौलो कुरा होइन, तर यति हुँदाहुँदै पनि पत्रकारिताको 'एबीसी' (एक्वीरीसी, ब्यालेन्स, क्रेडिबिलिटी)लाई पत्रकारिताको अभ्यास गर्ने हामी सबैले ध्यान दिनसक्नुपर्छ ।

निष्कर्षमा भन्नुपर्दा अनलाइन पत्रकारिताको अभ्यास गरिरहेका सबै मिडिया हाउसले पत्रकारिताको सैद्धान्तिक सीमाहरू अवलम्बन गरेमा मात्र अनलाइन पत्रकारिताले युगौसम्म जस पाइरहने छ । पत्रकारिताको सिद्धान्तलाई बेवास्ता गरेर 'बिक्ने' सामग्रीहरूमा पस्किरहँदा केही समय अनलाईन पोर्टलमा केही श्रोता, दर्शक र पाठकको 'भ्यूज' त रहला तर त्यो दीगो गरी नटिक्ने रहन्छ । अनलाइन पत्रकारिताको यस्तो अभ्यासले अनलाइनमा आएका सामग्रीहरूप्रति लक्षित वर्ग पूर्ण विस्वस्त नहुन सक्छ । त्यसैले नेपाली पत्रकारिता जगतलाई आजका साथै भोलिका दिनमा पनि विश्वासिलो बनाइराख्नका लागि अनलाइन मिडियाहरू 'कन्टेन्ट पोस्ट' (सामग्री पस्किँदा) जिम्मेवार बन्नुपर्ने देखिएको छ ।

(घिमिरे त्रिवि पत्रकारिता केन्द्रीय विभागमा स्नातकोत्तर अध्ययनरत् छन् ।)

ghimiresuranjan123@gmail.com

मोटरसाइकल हराएको सूचना

यस मेची पावर मोवाईल्स् ट्रेडको नाममा यातायात व्यवस्था कार्यालय बिर्तामोडमा दर्ता कायम भएको दर्ता नम्बर प्रदेश १-०१-०१२प-६५४ कालो/रातो रंगको १५० सीसीको पल्सर, इञ्जिन नम्बर DHYRKC56756, चेसीस नम्बर MD2A11CY7KPC-17870 कायम भएको मोटरसाइकल कनकाई-५ निवासी रवीन राईलाई विक्री गरेको र उक्त मोटरसाइकल २०७७।०४।०१ गते रातिको समयमा रवीन राईको आँगनमा पार्किङ गरी राखेको अवस्थामा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा **रवीन राई**लाई ९८०३२६४६९९नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२,
९८०६०८३८७६, ९८२४९८११७४

बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५९०४६६/९८०६०००३१३/९८४२७१६५८८

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो.९८१५९५२४९९
९८४१३२१४६४

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम्प (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन मिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस्
७ बार १२ महिला कल्याणमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
शनिश्चिवन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

गोरखा डिपार्टमेन्ट स्टोर
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - राम्रो समाचारले उत्साह जगाउनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - बोलीको माध्यमले धेरैलाई प्रभावित पार्न सकिनेछ । आर्थिक क्रियाकलापमा समेत मनग्गे फाइदा हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - सहयोगीहरू प्रशस्तै भेटिनेछन् । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - परिवारजनबाट टाढा भइनेछ । तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन् । खर्च लागे पनि पछि फाइदा हुने काम फेला पर्न सक्छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - चुनौति पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । टाढाका साथीभाइको निम्तो प्राप्त हुनेछ । शुभचिन्तकहरूले उत्साह जगाउनेछन् ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुने समय छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । साझेदारीमा पनि राम्रो फाइदा हुनेछ । आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछन् ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ ।